# नगर शिक्षा स्रोत व्यक्ति व्यवस्थापन कार्यविधि -२०७६

नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७६।०५।.....

रामपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर,पाल्पा

# नगर शिक्षा स्रोत व्यक्ति व्यवस्थापन कार्यविधि -२०७६

## प्रस्तावना

गुणस्तरीय शिक्षा सर्वसुलभ गर्ने बृहत्तर लक्ष्य सहित नगर क्षेत्र भित्र कार्यान्वयन गर्न र विद्यालय शिक्षालाई बालबालिकाको आफ्नो बाल अधिकारको रुपमा स्थापित गर्ने सन्दर्भमा स्रोत व्यक्तिको भूमिकालाई प्रभावकारी बनाउन स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी नगरकार्यपालिकाले नगर शिक्षा स्रोत व्यक्ति व्यवस्थापन कार्यविधि बनाई मिति २०७६।०५।....देखि लागू गरेको छ ।

## परिच्छेद -१

१. संक्षिप्त नाम र प्रारम्भ

१.१ यो कार्यविधिको नाम " नगर शिक्षा स्रोत व्यक्ति व्यवस्थापन कार्यविधि २०७६" रहेको छ ।

१.२ यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखी लागू हुनेछ ।

१.३ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

- "मन्त्रालय" भन्नाले शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।
- "केन्द्र" भन्नाले शिक्षा तथा मानब स्रोत बिकास केन्द्र सम्झिनु पर्छ ।
- "आधारभूत तह" भन्नाले कक्षा १-८ सम्मको विद्यालय संरचना सम्झनु पर्छ ।
- "माध्यमिक तह" भन्नाले कक्षा ९-१२ सम्मको विद्यालय संरचना सम्झनु पर्छ ।
- "स्रोत व्यक्ति" भन्नाले विद्यालयको माध्यमिक तहको शिक्षक पदमा पदाधिकार रहने ,करारमा नियुक्ति (काज) भएका समेतलाई सम्झनु पर्दछ ।
- "समिति" भन्नाले प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठित स्रोत व्यक्ति छनौट समितिलाई सम्झनु पर्छ ।
- "इकाई प्रमुख" भन्नाले जिल्लाको शिक्षा विकास तथा समन्वय इकाई प्रमुख सम्झनु पर्छ ।
- "नगर शिक्षा केन्द्र" भन्नाले नगरपालिकाले तोकेको शिक्षाको काम गर्ने केन्द्र सम्झनु पर्छ ।

# परिच्छेद -२

**उद्देश्य:**

स्रोत व्यक्तिहरुलाई आफ्नो स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुको सुपरिवेक्षण गरी शैक्षिक कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ,शैक्षिक सेवा सुबिधा प्रवाह गर्ने गराउने,विद्यालयहरुमा शिक्षक सहयोग सम्बन्धि कार्य गर्ने गराउने,आवश्यक शिक्षक तालिमको संयोजन गर्ने गराउने र नगर शिक्षा समितिको कार्यालयको व्यवस्थापन गर्ने गराउने यो कार्यविधिको प्रमुख उद्देश्य हुनेछ ।

# परिच्छेद -३

**३.नगर स्रोत व्यक्तिको नियुक्ति सम्बन्धि व्यवस्था**

३.१ नगर स्रोत व्यक्ति नियुक्तिका लागि सिफारिस गर्न देहायका सदस्यहरु रहेको एक स्रोत व्यक्ति छनौट समिति रहने छ :-

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) विषयविज्ञ मध्ये प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक जना -सदस्य

(ग) नगरको सामुदायिक माध्यमिक विद्यालयमा कम्तिमा १० बर्ष स्थायी सेवा गरेका माध्यमिक विद्यालयका प्रधानाध्यापक मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

(घ) नगर शिक्षा समितिका सदस्यहरु मध्ये नगरप्रमुखले तोकेको सदस्य एक जना -सदस्य

(ङ) नगरपालिकाको शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(नोट :विषयविज्ञ शिक्षाशास्त्र विषयमा स्नातकोत्तर गरेको हुनुपर्नेछ )

३.२ समितिले स्रोत व्यक्ति नियुक्तिका लागि न्यूनतम योग्यता पुगेका व्यक्तिबाट आबेदन माग गरी कम्तिमा १५ दिनको म्याद दिई सार्बजनिक सूचना प्रकाशित गर्नुपर्नेछ ।

३.३ स्रोत व्यक्ति छनोटको आधार परिच्छेद ६ मा उल्लेख गरे बमोजिम हुनेछ ।

३.४ समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले स्रोत व्यक्तिको नियुक्ति गर्नेछ ।

३.५ स्रोत व्यक्तिले सन्तोषजनक काम नगरेमा वा ८.१ वमोजिमको कार्य गरेको पाइएमा प्रमुख प्रशासकीय अधिकृतले हटाउन सक्नेछ र यसरी हटाउनुअघि सफाई पेस गर्ने मौका प्रदान गर्नु पर्नेछ ।

३.६ स्रोत व्यक्ति छनौट भई रिक्त रहेको दरवन्दिमा सम्वन्धित विद्यालयलाई मा.वि.तृतीय श्रेणीको शिक्षकले पाउने तलव भत्ता बराबरको अनुदान नियमित रुपमा नगरपालिकाबाट उपलव्ध गराइने छ ।

# परिच्छेद -४

## ४ स्रोत व्यक्तिका काम,कर्तब्य,अधिकार र सेवाका सर्तहरुः

४.१ स्रोत व्यक्तिको काम,कर्तब्य,अधिकार,सेवा शर्त र सुबिधा देहाय बमोजिम हुनेछ :

- स्रोत व्यक्ति मुख्य रुपमा प्रमुख प्रशासकीय अधिकृत प्रति,कार्यक्रमगत रुपमा शिक्षा अधिकृत ,स्रोत केन्द्र व्यवस्थापन समिति र समूह विद्यालय प्रति उत्तरदायी रहने ।
- स्रोत व्यक्तिले स्रोत केन्द्र र समूह विद्यालयहरुमा शिक्षक सहयोग सम्बन्धि प्राविधिक सहयोग र स्रोत केन्द्र स्तरमा क्षमता अभिबृद्धि गर्न सहजकर्ताको भूमिका निर्वाह गर्ने ।
- शैक्षिक सेवा सुबिधा एवम सुचनाहरु प्रवाह गर्ने गराउने ।
- शैक्षिक कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।
- शैक्षिक नीति निर्देशन पालन गर्ने गराउने ।
- नगर शिक्षा योजना र विद्यालय सुधार योजना निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने ।
- स्थानीय निकायलाई शिक्षाको योजना निर्माण गर्न तथा सोको कार्यान्वयन सम्बन्धि कार्यमा प्राविधिक सहयोग उपलब्ध गराउने ।
- स्रोत केन्द्रभित्रका प्रत्येक विद्यालयहरुको विद्यालय ब्यबस्थापन समिति र शिक्षक अभिभावक संघको बैठकमा बर्षमा कम्तिमा २ पटक पर्यवेक्षक रुपमा भाग लिने र आवश्यक सल्लाह सुझाव तथा सहयोगीको भूमिका निभाउने ।
- स्रोत व्यक्तिले समूह विद्यालयको सुपरीवेक्षण,प्राविधिक सहयोग,शिक्षक सहयोग सम्बन्धि वार्षिक कार्यक्रम बनाउने ,शिक्षा शाखामा राख्ने र कार्यक्रम अनुसार कार्य गर्ने, प्रतिवेदन दिने र सूचना प्रवाह गर्ने ।
- स्रोत केन्द्र भित्रका विद्यालय शिक्षासँग सम्वन्धित सम्पूर्ण सूचनाहरु अध्यावधिक गरी राख्ने र आवश्यकताअनुसार इकाई कार्यालयमा पेश गर्ने ।
- स्रोत केन्द्र अन्तर्गत विद्यालयहरुको विद्यालय सुधार योजना निर्माण, सामाजिक परीक्षण र विद्यालय स्तरीकरण कार्यमा प्राविधिक सहयोग गर्ने र सो सम्बन्धि प्रतिवेदन सम्प्रेषण गर्ने र गर्न लगाउने ।
- स्रोत व्यक्तिले स्रोत केन्द्र भित्र शैक्षिक उन्नयन तथा सुधारका लागि स्रोत केन्द्रका समूह विद्यालयहरुको सहयोग तथा सहकार्यमा आवश्यकता अनुसार अनुसन्धानात्मक,रचनात्मक,सहयोगात्मक र सुधारात्मक कार्यहरु संचालन गर्ने,गराउने ।
- शिक्षा नियमावली तथा शिक्षक सेवा आयोग नियमावलीले स्रोत व्यक्तिले गर्न तोकिएको कार्य गर्ने ।

### ४.१.१ सिकाई उपलब्धि सम्बन्धि निम्न अनुसारका कार्यहरु गर्ने :

- शैक्षिक सत्र सुरु भएको १ महिना भित्र विद्यालयगत रुपमा गत शैक्षिक सत्रको कक्षा १ देखि १० सम्मका परीक्षाफलको नतिजा विश्लेषण गर्ने ।
- अनिवार्य विषयहरुको विषयगत सिकाई उपलब्धिहरुको नतिजा विश्लेषण गर्ने ।
- प्रत्येक वर्षको सिकाई उपलब्धिको  तुलनात्मक विश्लेषण र प्रदर्शन गर्ने ।
- सम्पूर्ण नतिजाको विश्लेषण पश्चात स्रोत केन्द्र प्रधानाध्यापक बैठकमा छलफल गराई सुधारका उपायहरुको खोजि गर्ने ।
- सिकाई उपलब्धि वृद्धि हुने क्रियाकलापहरुको बारेमा स्रोत केन्द्र बैठकमा छलफल गरी योजना बनाउने ।
- स्रोत केन्द्र अन्तर्गतका विद्यालयहरुलाई विद्यालयगत सिकाई उपलब्धि वृद्धि गर्ने योजना निर्माण गर्न लगाउने ।
- विद्यालयले निर्माण गरेको योजना कार्यान्वयन अनुगमन गरि पृष्ठपोषण प्रदान गर्ने ।

### ४.१.२ कक्षा अवलोकन सम्बन्धि निम्नअनुसारको कार्य गर्ने :

- महिनामा कम्तिमा १० ओटा विद्यालयको निरीक्षण गर्ने ।
- निरीक्षण गरिएको विद्यालयमा कम्तिमा २ ओटा नमूना पाठ प्रदर्शन गरी सम्बन्धित शिक्षकसँग अन्तरक्रियाका साथै पृष्ठपोषण प्रदान गर्ने ।
- अर्को पटक कक्षा अबलोकन गर्दा अगाडि दिएको निर्देशन र पृष्ठपोषणको कार्यान्वयनको जानकारी लिई सम्बन्धित शिक्षक र प्रधानाध्यापकसँग समेत छलफल गर्ने ।
- विद्यालय तथा शिक्षकलाई दिइएको निर्देशन पृष्ठपोषणको अभिमुखीकरण गरी इकाई कार्यालयलाई समेत जानकारी गराउने ।
- विद्यालय, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक तथा विद्यालय तहका अन्य पक्षले गर्नुपर्ने भनी तोकिएका कार्यहरुको अनुगमन गरी प्रतिबेदन पेस गर्ने ।

### ४.१.३ तालिम संचालन तथा व्यवस्थापन सम्बन्धि निम्न अनुसार कार्यहरु गर्ने :

- शिक्षकको पेशागत विकास (Teacher Professional Development - TPD) को कार्यान्वयनका सम्बन्धमा शिक्षक पेसागत बिकासको माग संकलन, प्रबोधीकरण र तालिम सामाग्री निर्माण गरी कार्यक्रम संचालन गर्ने ।

- रोष्टर प्रशिक्षक छनौट गरी तालिम संचालनमा सहयोग गर्ने ।
- Teacher Professional Development कार्यक्रमको Instrutional Councelling चरण अन्तर्गत र अन्य समयमा समेत तालिम प्राप्त शिक्षकहरुको सुपरीवेक्षण सेवा र पेसागत सहयोग उपलब्ध गराउने ।
- प्राविधिक सहयोगका लागि शिक्षा तालिम केन्द्रसंग सम्पर्क र समन्वय गर्ने ।
- शिक्षा तालिम केन्द्रको सहकार्य र समन्वयमा शिक्षण सिकाई ,शैक्षिक गुणस्तर र पेशागत विकास सम्बन्धमा कार्यमूलक अनुसन्धान,घटना अध्ययन आदि संचालन गर्ने र प्रबोधीकरण गर्ने ।
- प्रमुख प्रशासकीय अधिकृत र शिक्षा अधिकृतले तोके वमोजिमका अन्य कार्यहरु ।

**४.२ स्रोत व्यक्तिको तलब भत्ता अन्य सुबिधाहरु देहाय बमोजिम हुनेछ :-**

- स्रोत व्यक्तिले साविक कार्यरत शिक्षक पदमा खाइपाई आए सरहको तलब भत्ता र स्वीकृत मापदण्ड बमोजिमको फिल्ड भत्ता पाउनेछन् ।
- स्रोत व्यक्ति पदमा कार्यरत रहेको अवस्थामा बढुवा भएमा बढुवा भएको पदको नियमानुसार तलब भत्ता सुबिधा पाउनेछन् ।
- स्रोत व्यक्तिको तलब र नियमानुसार सुबिधा हाजिरी रेकर्डका आधारमा शिक्षा अधिकृतको सिफारिस पछि नगरपालिकाबाट भुक्तानी हुनेछ ।
- स्रोत व्यक्तिले शिक्षा नियमावलीमा शिक्षकका लागि तोकिए सरहको भैपरी आउने विदा पर्ब विदा ,विरामी विदा, प्रसुती विदा ,प्रसुती स्याहार विदा र किरिया विदा पाउनेछन ।
- नगर क्षेत्रभित्रका विद्यालयहरु लामो बिदा (हिउदे वा बर्षे ) रहेको अवस्थामा स्रोत व्यक्ति नगरकार्यपालिकाको कार्यालयमा हाजिरी भई काम गर्नु पर्नेछ ।

**४.३** स्रोत व्यक्तिको हाजिरी नगर कार्यपालिकाको कार्यालयमा रहनेछ । निजहरुले कार्यक्रम कार्यान्वयन, विद्यालय अनुगमन, निरीक्षण, सुपरीवेक्षण एवम् सहयोगका लागि आवश्यक योजना तयार गरी शिक्षा अधिकृतको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराई हाजिरी पुस्तिकामा फिल्ड काज जनाउनुपर्नेछ ।

४.४ स्थायी शिक्षकबाट नियुक्त स्रोत व्यक्तिको हकमा स्रोत व्यक्तिको रुपमा कार्य गरेको अवधिलाई निजको शिक्षक पदको सेवा अबधिको रुपमा गणना हुनेछ, यसले निजको वृत्ति बिकासको अवसर उपलब्ध गराउन कुनै बाधा पर्नेछैन । अन्यको हकमा सो नियम लागू हुने छैन ।

## परिच्छेद -५

### स्रोत व्यक्ति नियुक्तिका लागि योग्यता

**५.१ स्रोत व्यक्तिको लागि उम्मेदवार हुन ,-**

- शिक्षा शास्त्रमा स्नातकोत्तर,वा

- अन्य बिषयमा स्नातकोत्तर उत्तीर्ण गरी शिक्षा शास्त्रमा स्नातक वा दस महिने सेवाकालीन तालिम प्राप्त गरी माध्यमिक शिक्षकमा स्थायी,अस्थायी वा करार नियुक्त भइ कम्तिमा ५ वर्ष अनुभव हासिल गरेको हुनु पर्नेछ । महिला उम्मेदवारको हकमा यस्तो अनुभव ४ वर्ष भए पनि हुनेछ । स्नातक तहसम्मको शिक्षक अध्यापन अनुमतिपत्र हुनुपर्ने छ ।
- सूचना तथा संचार प्रविधिमा दख्खल भएको ।
- उमेर :२१ वर्ष पूरा भई ४० वर्ष ननाघेको तर निरन्तर कार्यरत स्थायी,अस्थायी वा करारलाई उमेरको हद लाग्ने छैन ।

# परिच्छेद -६

## ६. स्रोत व्यक्ति छनौटका आधारहरु

६.१ स्रोत व्यक्ति पदका लागि उम्मेदवार छनोट गर्दा लिइने परीक्षाको किसिम देहायबमोजिम

१५० पूर्णाङ्क हुनेछ :

(क) लिखित परीक्षा -१०० अङ्क

(पुनश्च : लिखित परिक्षाको पाठ्यक्रम अनुसूची १ अनुसार हुनेछ )

(ख) अनुभव, शैक्षिक योग्यता तथा अन्तरवार्ता - ५० अङ्क

अनुभव, शैक्षिक योग्यता तथा अन्तरवार्ता बापतको ५० अङ्क देहायका आधारमा

प्रदान गरिनेछ,

६.१.१ शैक्षिक योग्यता -५ अङ्क

(प्रथम-५, द्धितिय-४ र तृतीय-३)

६.१.२ अनुभव बापत प्रति वर्ष १ अङ्कका दरले अधिकतम -१० अङ्क

६.१.३ प्रस्तावना पत्रको मूल्यांकन -२५ अङ्क

१. प्रस्तावना पत्रको मूल्यांकनका आधारहरु देहायबमोजिम हुनेछन् ।

- प्रस्तावना पत्रको ढाँचा - ३ अङ्क
- प्रस्तावना पत्रको उद्देश्य र औचित्य पुष्ट्याई -१० अङ्क
- प्रस्तुतीकरण (भाइवा तथा डिफेन्स) -१० अङ्क
- भाषिक शुद्धता र ले आउट -२ अङ्क

२.प्रस्तावनाको मुल्यांकन परिच्छेद ३ को ३.१ अनुसारको समितिले गर्नेछ ।

६.२ अन्तर्वार्ता -१० अङ्क

- व्यक्तिगत -२ अङ्क
- विषयवस्तुको ज्ञान - २ अङ्क
- शिक्षण विधि -२ अङ्क
- व्यवस्थापकीय तथा समस्या समाधान सिप -२ अङ्क
- शिक्षण सहजीकरण सिप - २ अङ्क

## परिच्छेद -७

### ७. नगर शिक्षा केन्द्र व्यवस्थापन समिति

७.१ नगर शिक्षा केन्द्रको दैनिक कार्य तथा नगर शिक्षा केन्द्रका प्राज्ञिक,शैक्षिक,अनुसन्धानात्मक र रचनात्मक कार्यहरु संचालनका लागि तपसिल अनुसारको नगर शिक्षा केन्द्र व्यवस्थापन समिति रहनेछ ।

संयोजक : प्रमुख प्रशासकीय अधिकृत

सदस्य :नगर शिक्षा केन्द्र रहेको विद्यालयको प्रधानाध्यापक

सदस्य :प्रधानाध्यापकहरू र अध्यक्षहरू मध्ये नगर प्रमुखबाट मनोनित ३ जना

सदस्य :शिक्षा अधिकृत

सदस्य सचिव :नगर शिक्षा केन्द्रको स्रोत व्यक्ति

नोट :नगर शिक्षा केन्द्रको संयोजक नभएको अवस्थामा समितिका सदस्यहरु मध्येबाट नगर शिक्षा केन्द्र विद्यालयको प्रधानाध्यापकले बैठकको अध्यक्षता गर्नेछ । तर नीतिगत निर्णय गर्न सक्ने छैन । साथै बैठक सम्बन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ । यस समितिले प्र.अ.बैठक संचालन गर्न सहयोग गर्नुपर्ने छ ।

## परिच्छेद -८

८ सजाय सम्बन्धि व्यवस्था

८.१ सजाय :-

उचित र प्रयाप्त कारण भएमा स्रोत व्यक्तिलाई देहायको विभागीय सजाय गर्न सकिनेछ ।

अ. नसिहत दिने,

आ.   करार सम्झौता रद्ध गर्ने,

८.१.अ.  नसिहत दिने

स्रोत व्यक्तिको काम,कर्तब्य र अधिकार बमोजिम कार्य सम्पादन नगरेमा निजलाई नसिहत दिन सकिनेछ ।

८.१.आ. करार सम्झौता रद्ध गर्ने

देहायको अबस्थामा स्रोत व्यक्तिलाई निजसँग गरिएको करार सम्झौता रद्ध गर्न सकिनेछ :

क. बराबर तोकिएको जिम्मेवारी पुरा नगरेमा,

ख. आचरण सम्बन्धि उल्लंघन गरेमा,

ग. कार्य क्षमताको अभाव भएमा वा आफ्नो स्रोत केन्द्रभित्र तोकिएको शैक्षिक उपलब्धि हासिल हुन नसकेमा,

घ. गलत तथ्यांक र अभिलेख प्रमाणीकरण गरेमा वा अभिलेख (सुरक्षित नराखेमा) व्यवस्थापन नगरेमा,

ङ. स्रोत केन्द्रभित्र प्रचलित कानुन र निर्देशनको परिपालना नभएमा वा गराउन नसकेमा,

च. अनुशासनहीन काम गरेमा,

छ. करार सम्झौता अनुसार कार्य नगरेमा,

माथि उल्लेखित कार्यहरुका आधारमा प्रमुख प्रशासकीय अधिकृतले स्पष्टीकरण सोध्न सक्नेछ ,२ पटक स्पष्टीकरण सोधिसकेपछि तेस्रोपटक नगरप्रमुखको स्वीकृतमा निजलाईृ अवकास दिन सक्ने छ ।

# परिच्छेद -९

## ९. विविध

९.१ स्रोत व्यक्तिको कार्यविधि विद्यालय क्षेत्र सुधार कार्यक्रम अनुसार हुनेछ । स्रोत व्यक्तिको कार्य अवधि संभ्कौतामा तोकिए वमोजिम हुनेछ ।

९.२ स्रोत व्यक्ति र शिक्षा केन्द्र व्यवस्थापन समितिको क्षमता अभिवृद्धि सम्बन्धि कार्यहरु गरिनेछ ।

९.३ कार्यपालिकाले संघिय शिक्षा ऐन तथा प्रदेश कानुन बिपरित नहुने गरी यस कार्यविधिलाई शिक्षा समितिको सिफारिसमा संशोधन गर्न सक्नेछ ।

# अनुसूची १

नगर शिक्षा स्रोत व्यक्ति व्यवस्थापन कार्यविधि २०७६ बमोजिम स्रोत व्यक्ति पदको उम्मेदवार छनोटका लागि लिइने परीक्षाको पाठ्यक्रम

खण्ड (क) लिखित परीक्षा

पूर्णाङ्क :१००

उत्तीर्णाङ्क:५०

समय :३ घण्टा

**समूहः पहिलो**

यस समूह बाट ३० वटा वस्तुगत प्रश्न सोधिने छ।   ३०×१=३० अङ्क

१. चालु आवधिक योजना तथा शैक्षिक आयोजना र परियोजनाहरु

२. विद्यालय क्षेत्र सुधार योजना

३. राष्ट्रिय पाठ्यक्रम प्रारुप

४. सहश्राब्दी विकास लक्ष्य (शिक्षा सम्बन्धि)

५. नेपालको संबिधान र शिक्षा

६. शिक्षा ऐन २०२८ र स्थानीय सरकार संचालन ऐन २०७४ (शिक्षा सम्बन्धि व्यवस्था मात्र)

७. शिक्षा नियमवाली २०५९ (संशोधन सहित)

८. शिक्षक सेवा आयोग नियमावली २०५७,(संशोधन सहित)

९. अनौपचारिक शिक्षा र यसका विभिन्न कार्यक्रम (खुल्ला र दुर शिक्षा)

१०. शिक्षा मनोविज्ञान र सिकाइ

११. शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार

१२. परीक्षा र मूल्यांकन

१३. नेपालको उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा

१४. शिक्षामा अनुसन्धान र सूचना तथा प्रबिधि (कम्प्युटर,इमेल,इन्टरनेट,सामाजिक सञ्जाल,इजर्नल)

१५. शैक्षिक तथ्यांक सम्बन्धि जानकारी (साक्षरता दर, खुदभर्ना दर, सहजै दखिने भर्ना दर, शिक्षक विद्यार्थी अनुपात, विद्यालय विद्यार्थी अनुपात, तालिम प्राप्त शिक्षक अनुपात, महिला शिक्षक अनुपात, निरीक्षक विद्यालय अनुपात जस्ता सूचक र सो निकाल्ने तरिकाहरु)

१६. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र यस अन्तर्गतका निकायहरुको संगठन र कार्यहरु

१७. नेपालको विद्यालय तह, शिक्षाको संरचना र पाठ्यक्रम ढाँचा

१८. नेपालको शैक्षिक इतिहास

## समूह दोस्रो

यस समूहबाट जम्मा ८ ओटा सङक्षिप्त उत्तर आउने प्रश्न सोधिने छ। ८×५=४० अङ्क

१ शैक्षिक व्यवस्थापन, कक्षा कोठा व्यवस्थापन र विभिन्न शैक्षणिक योजना

२ शैक्षिक योजना, विद्यालय सुधार योजना, नगर शिक्षा योजना

३ उदार कक्षोन्नति र निरन्तर विद्यार्थी मुल्यांकन

४ सबैका लागि शिक्षा र अनिवार्य आधारभूत शिक्षा कार्यक्रम

५ मानवअधिकार, बालअधिकार र शिक्षामा लैङ्गिक समानता

६ विभिन्न शिक्षण विधि र शिक्षण सिकाइ क्रियाकलाप

७ समावेशी, बाल मैत्री शिक्षा र दण्ड रहित शिक्षा

८ आधुनिक शैक्षणिक प्रविधि र शिक्षामा नविनतम चिन्तन

९ विद्यालय शान्ति क्षेत्र, विपद व्यवस्थापन र शिक्षा

१० शैक्षिक उपलब्धि

११ सामाजिक परीक्षण

१२ प्रतिवेदन लेखन

## समूह तेस्रो

लामो उत्तर आउने प्रश्न

यस समूहबाट जम्मा ३ ओटा लामो उत्तर आउने समस्यामूलक प्रश्न सोधिने छः ३×१०=३०

१ निरीक्षणको अवधारणा, विकासक्रम र नविन अभ्यासहरु

२ शिक्षकको पेसागत दक्षता विकास

३ कक्षा कोठा अबलोकन पृष्ठपोषण

४ कार्यमूलक अनुसन्धान र अवस्था अध्ययन

५ शिक्षा र दिगो विकास

६ शिक्षाका समसामयिक कार्यक्रमहरु (स्रोत केन्द्रवाट संचालन हुने विभिन्न नियमित कार्यक्रम,छात्रवृत्ति, विद्यालयको आनुदान आदि)

७ शिक्षा क्षेत्रको समसामयिक समस्या एवम् चुनौतिहरु र समस्या समाधानका उपाय

८ तथ्यांकशास्त्र, तथ्यांक संकलन, विश्लेषण र विश्लेषण गरिएका सूचकहरुको सम्प्रेषण (मध्यक,मध्यिका ,रीत, स्तरीय भिन्नता )

९ सूचना तथा संचार प्रविधि र कम्प्युटर शिक्षा

१० प्रस्तावना लेखन